दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

**बर्ष : ५** **प्रमाणीकरण मिति : २०७८/१२/०५**

**संख्या : ९** **प्रकाशन मिति : २०७८/१२/२४**

## भाग : ३

## २०७८ सालको कार्यविधि संख्या : ३

# दमक अस्पताल संचालन कार्यविधि, २०७८

**प्रस्तावना :** दमक अस्पतालमा सेवाग्राहीहरुको अत्यधिक चापलाई व्यबस्थित गर्न र सेवाग्राहीहरुलाई छिटो छरितो तथा गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गर्न दमक नगरपालिकाको मातहतमा रहेको दमक अस्पतालको सञ्चालन तथा व्यवस्थापन गर्न तथा अस्पतालमा अहोरात्र खटिने चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुलाई उचित प्रोत्साहनको व्यबस्था गर्न दमक नगर स्वास्थ्य तथा सरसफाई नियामावली २०७८ को नियम १५ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी सोहि नियामावलीको नियम ५ बमोजिमको ब्यबस्था गर्न यो कार्यविधि बनाउन वाञ्छनीय भएकोले दमक नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम दमक नगरपालिकाको **"दमक अस्पताल संचालन कार्यविधि,२०७८"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"नगरपालिका"** भन्नाले दमक नगरपालिका सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले दमक नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) **"प्रमुख"** भन्नाले नगरपालिका प्रमुख सम्झनु पर्छ ।

(घ) **"उप प्रमुख"** भन्नाले नगरपालिका उप प्रमुख सम्झनु पर्छ ।

(ङ) **"प्रमुख प्रशासनिक अधिकृत"** भन्नाले नगरपालिकाको कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(च) **"संघीय जनस्वास्थ्य ऐन"** भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(छ) **"कार्यविधि"** भन्नाले यस दमक नगरकार्यपालिकाले दमक अस्पताल संचालन गर्नका लागि जारी गर्ने कार्यविधि सम्झनु पर्छ ।

(ज) **"नगरपालिका क्षेत्र"** भन्नाले दमक नगरपालिकाको भू-भाग सम्झनु पर्छ ।

(झ) **"अस्पताल व्यवस्थापन समिति"** भन्नाले दमक अस्पताल संचालनका लागि बनेको समिति भन्ने सम्झनु पर्छ ।

(ञ) **"स्वास्थ्य संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारी रुपमा संचालित स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(ट) **“चिकित्सक तथा स्वास्थ्यकर्मी”** भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ठ) **“मे.सु.”** भन्नाले दमक अस्पतालको प्रमुख सम्झनुपर्छ ।

(ड) **“शाखा”** भन्नाले अस्पताल भित्रका बिभिन्न बिभागिय शाखालाई सम्झनु पर्छ ।

(ढ) **“सेवाग्राही”** भन्नाले अस्पतालमा सेवा लिन आउने ब्यक्तिलाई सम्झनु पर्छ ।

(ण) **“बिरामी”** भन्नाले अस्पतालमा भर्ना भई वा नभई उपचार सेवा लिन आउने सेवाग्राहीलाई सम्झनु पर्छ ।

(त) **“बहिरङ्ग सेवा”** भन्नाले दैनिक प्रदान गरिने नियमित सेवालाई सम्झनु पर्छ ।

(थ) **“अन्तरङ्ग सेवा”** भन्नाले २४ सै घण्टा प्रदान गरिने सेवालाई सम्झनु पर्छ ।

## परिच्छेद–२

## अस्पताल ब्यबस्थापन

**३.** १५ शैयाको क्षमता भएको यस अस्पतालमा सेवाग्राहीहरुको अत्याधिक चापलाई मध्यनजर गरी अस्पतालमा उपलब्ध श्रोत साधन तथा जनशक्तिको अधिकतम प्रयोग गरी अस्पतालबाट प्रदान गरिने सेवाहरुलाई गुणस्तरीय तथा सर्बसुलभ बनाई स्तरीय उपचार सेवा प्रदान गरिने छ ।

**४.** हाल दमक अस्पतालमा १५ शैयाको अस्पताललाई ५० शैयाको संरचना बनाउन सिफारिस गरी आवश्यक प्रक्रिया अगाडी बढाईने छ ।

**५.** दफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि बिरामीको चाप अस्पतालमा उपलब्ध जनशक्ति तथा अस्पतालको क्षमता बिश्लेषण गरी समितिको सिफारिसमा दमक नगर कार्यपालिकाबाट स्वीकृत गरी आवश्यक मात्रामा शैया संख्या थप गरी अस्पताल संचालन गर्न सकिनेछ ।

६. अस्पतालमा विभिन्न विशिष्टिकृत सेवाहरु उपलब्ध जनशक्ति र श्रोत साधनको अधिकतम उपयोग गरी थप सेवा विस्तार गर्न सकिने छ ।

७. अस्पताल संचालन तथा व्यवस्थापन प्रयोजनका लागि अस्पतालमा खटिएका जनशक्तिको परिचालन र संयोजन दमक अस्पताल व्यवस्थापन समिति र दमक अस्पताल प्रमुखको जिम्मेवारी हुनेछ ।

८. दफा (७) मा उल्लेखित कार्यहरु गर्न अस्पतालमा तपशिल बमोजिमका बिभागहरु/शाखा रहने छन ।

(क) प्रशासन शाखाः अस्पतालका सम्पुर्ण प्रशासनिक सम्बन्धी कार्य गर्ने,

(ख) स्टोर शाखा : अस्पतालका जिन्सीहरु राख्ने तथा आवश्यक सामाग्रीहरु ब्यबस्थापन गर्ने शाखा ।

(ग) लेखा शाखा : लेखा सम्बन्धी सम्पूर्ण अभिलेख राख्ने शाखा ।

(घ) इन्डोर शखा : बिरामी भर्ना गरी उपचार गर्ने ।

(ङ) इर्मजेन्सि शाखा : आकस्मीक सेवा प्रदान गर्ने ।

(च) प्रयोगशाला शाखा : बिरामीहरुको रगत, दिशा, पिशाब तथा आवश्यक नमुना परिक्षण गर्ने

(छ) फार्मेसि शाखा : बिरामीहरुलाई सिफारिस गरिएका औषधी बितरण गर्ने ।

(ज) रेडियोलोजि शाखा : बिरामीहरुको एक्स-रे गर्ने ।

(झ) काउन्टर शाखा : सेवाग्रहीहरुको नाम दर्ता तथा विलिङ्ग गर्ने ।

(ञ) बिमा क्लेम शाखा : स्वास्थ्य बिमा तर्फका सेवाग्रहीहरुलाई सेवा दिए बापतको रकम दाबि गर्ने ।

(ट) अप्रेशनकक्ष शाखा : अप्रेशनद्धारा उपचार गर्ने ।

(ठ) मेन्टेनेन्स शाखा : अस्पतालको पानि, विजुली बत्ति तथा औजार उपकरण मर्मत संभार गर्ने ।

९. अस्पतालमा हाल कार्यरत जनशक्तिहरु लाई यथावत राखी दैनिक कार्य संचालन गर्ने र दमक नगर कार्यपालिका र नगर सभा बाट दमक अस्पतालको संगठानीक र व्यवस्थापकिय सर्वेक्षण (O&M Survey) स्वीकृत भए पश्चात सोही अनुरुप जनशक्तिको व्यवस्थापन गर्ने ।

१०. दफा (९) मा जुनसुकै कुरा लेखिएता पनि अस्पतालमा थप विशिष्टिकृत सेवाहरु विस्तार गर्न वा सेवा संचालन गर्न आवश्यक परेमा सो सेवा संचालनका लागि थप जनशक्ति दमक अस्पताल व्यवस्थापन समितिवाट निणर्य गरी संचालन गर्न सकिनेछ ।

## परिच्छेद–३

## अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवासुविधा

११. अस्पतालमा खटिएका अस्पताल ब्यबस्थापन समिति तर्फका कर्मचारीहरुको तलब तथा पोषक भत्ता अस्पताल व्यबस्थापन समितिले निर्धारण गरे अनुसारको अनुसूची-१ मा उल्लेख भए बमोजिम अस्पताल ब्यबस्थापन समितिको कोषबाट भुक्तानी हुनेछ । अस्पताल ब्यवस्थापन समिति तर्फका कर्मचारीहरुको तलब थपघट गर्नु परेमा स्रोतको सुनिश्चितता गरी अस्पताल ब्यवस्थापन समितिले निर्णय गरी दमक नगर कार्यपालिकाबाट स्वीकृत गराई गर्न सक्नेछ ।

१२. नेपाल सरकार तर्फका स्थायी कर्मचारीहरु र नेपाल सरकार छात्रवृत्ती करार तर्फका कर्मचारीहरुको तलब भत्ता नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

१३. दमक अस्पतालमा स्वास्थ्य विमा लागू भई बिभिन्न बिशेषज्ञ सेवाहरु विस्तार भए पश्चात सेवाग्राहीहरुको संख्या अत्याधिक बृद्धिभई नियमित समयमा मात्र सेवा संचालन गर्दा सेवाग्राहीहरुलाई सेवा लिन असहज हुने हुदा अस्पताल बाट प्रदान गरिने सेवाहरुलाई व्यवस्थीत तथा छिटोछरितो वनाउन दैनिक रुपमा विहान ७ वजे देखी नै विरामी दर्ता शुरु गरी ८ वजे

देखी ओ.पि.डि. सेवा तथा २४ सै घण्टा प्रयोगशाला, एक्स रे, फार्मेसी सेवा संचालन गर्दा कार्यबोझ बढेको, सेवाग्राहीहरुको संख्या अनुसार जनशक्ति कम रहेको र अस्पतालमा सेवा प्रदान गरिरहेका विशेषज्ञ चिकित्सकहरुलाई पलायन हुन नदिई यसै अस्पतालमा सेवा निरन्तरताको लागि उत्प्रेरण जगाउन थप कार्यबोझ, अस्पतालको आवश्यकता, बजेटको अवस्था, सम्बन्धित कर्मचारीले हासिल गरेको थप बिशेषज्ञता सो सेवाले सेवाग्राहीहरुलाई पुऱ्याउन सक्ने लाभ अध्ययन गरी थप प्रोत्साहन स्वरुप बिशेषज्ञ चिकित्सकको हकमा खाइपाई आएको तलब स्केलको ७५ देखी २०० प्रतिशत सम्म र मेडिकल अधिकृतको हकमा ४० देखि ७० प्रतिशत सम्म थप सुविधा प्रदान गर्न सकिनेछ ।

**१४.** यस अस्पतालमा कार्यरत चिकित्सक वाहेकका स्वास्थ्यकर्मिहरु र अन्य कर्मचारीहरुलाई पर्न जाने थप कार्यबोझको अध्ययन गरी कर्मचारीहरुको मनोवल उच्च राखि उत्प्रेरित गर्न प्रोत्साहन स्वरुप स्थायी कर्मचारीहरुको हकमा खाईपाइ आएको तलब स्केलको ३५ देखि ५० प्रतिशत सम्म र अस्पताल व्यवस्थापन समितिको सेवाकरार तर्फका कर्मचारीहरुको हकमा २० देखि ४० प्रतिशत सम्म थप सुविधा प्रदान गर्न सकिनेछ ।

**१५.** दफा (१३) र (१४) मा जुनसुकै कुरा लेखिएता पनि सार्वजनिक विदा वाहेक आफ्नो व्यक्तिगत कारण देखाई महिनामा ४ दिन भन्दा बढि विदा बसेमा चार दिन भन्दा वढी विदा बसेको अवधि भरको सुविधा उपलब्ध हुने छैन । कार्यालय वाट ७ सात दिन भन्दा लामो कुनै पनि काज, तालिम, गोष्ठीमा खटाईएको हकमा ७ दिन भन्दा बढि अवधिको सुविधा उपलब्ध हुने छैन ।

**१६.** एनेश्थेसियोलोजिष्ट बिशेषज्ञ चिकित्सकको हकमा खाईपाइ आएको तलब स्केलको शत प्रतिशत एनेश्थेसिया हजार्ड भत्ता र अस्पतालमा अन्य पदमा रहि एनेश्थेसिया असिष्टेष्टको योग्यता हासिल गरेको कर्मचारीले आफ्नो नियमित कार्य गरी एनेश्थेसिया सेवा प्रदान गरे वापत एनेश्थेसिया हजार्ड

भत्ता रुवरुप खाईपाई आएको तलब स्केलको ७५ प्रतिशत सम्मप्रदान गर्न सकिनेछ ।

१७. अस्पतालमा दैनिक संचालन भएका सेवाहरुको तथ्याङ्क अभिलेख तथा प्रतिवेदन तयार गर्ने मेडिकल रेकर्डर नभएको हकमा अन्य कार्यरत कर्मचारीहरु मध्येवाट सो सम्बन्धी ज्ञान भएको कर्मचारीलाई कामकाज गराई थप सुविधा स्वरुप मासिक रु. ५०००/- प्रदान गर्न सकिनेछ ।

१८. प्रयोगशालामा जाच गरिने नियमित सामान्य टेष्ट बाहेक विशिष्टिकित प्रयोगशाला सेवाहरु नियमित संचालन गर्न र प्रयोगशालाकर्मीहरुलाई प्रोत्साहित गर्न निम्न कल्चर, थाईराईड जाचं, भिटामिन डि, भिटामिन वि टुवेल, पि.एस.ए., एन्टि सि.सि.पि., एन्टि टि.पि.यो, आईरन प्रोफाइ आदी जाचहरुको प्रति जाचं रु.३०–५० का दरले हुन आउने रकम प्रयोगशालामा कार्यरत प्रयोगशाला कर्मिहरु लाई प्रदान गर्न सकिनेछ ।

१९. आफ्नो नियमित डियुटी लाई असर नपारी अस्पतालमा गरिने सामान्य शल्यकिया, जटिल शल्यकिया, अन्य प्रोसेड्युर सेवा, रात्रीकालिन डियुटि खाजा खर्च, जुनै पनि समयमा आउने लासलाई फ्रिजमा व्यवस्थापन गर्ने, मेडिकोलिगल सेवा (घाउ जाच, निरोगिता प्रमाण पत्र, पोष्टमार्टम), विभिन्न शाखामा कार्यरत शाखा प्रमुखहरुले २४ सै घण्टा आ-आफ्ना शाखाका सेवाहरुलाई सुचारु राख्न आफ्नो नियमित डियुटि वाहेक अन्य व्यवस्थापकिय कार्यहरु गरे वापत विभागिय प्रमुख र सम्बन्धीत सेवाप्रदायकहरुलाई अनुसूची-२ मा उल्लेख भए बमोजिम थप सुविधा प्रदान गर्न सकिनेछ ।

२०. अस्पतालमा उपलब्ध नभएको विशेषज्ञ सेवाको सेवाग्राहीहरु अत्याधिक भई सेवा नदिएको खण्डमा धेरै सेवाग्राहीहरुलाई रिफर गर्नु पर्ने अवस्था भइ अस्पताललाई आर्थिक नोक्सानी हुने र सेवाग्राहीहरुलाई समेत सो सेवाका लागि अन्यत्र जानुपर्ने कठिनाई हुने भएकोले सो विशेषज्ञ सेवाको सम्बन्धित विशेषज्ञ चिकित्सक पार्टटाईमको रुपमा स्थानीय स्तरमा उपलब्ध भए विमाको प्रति ओ.पि.डि. रजिष्ट्रेशन वापतको रकम रु.२०० र

विरामी भर्ना गरी विहान बेलुका राउण्ड लिए वापत रु. ६००/- प्रति दिनका दरले सुविधा दिई सेवा विस्तार गर्न सकिनेछ साथै विशेसज्ञबाट इ-सेवाको व्यवस्था गरिनेछ ।

२१. यस अस्पतालमा रेडियोलोजी बिशेषज्ञ चिकित्सकको दरवन्दी नभएको र अस्पतालमा यु.एस.जी. (भिडियो एक्स रे) सेवा लिन आउने सेवाग्राहीहरुको संख्या अत्याधिक भएकोले सो सेवा सञ्चालन नगरिएमा अस्पताललाई हानी हुने र सेवाग्राहीहरुले सेवा नपाई अन्यत्र जानु पर्ने वाध्यता भएको हुदा भिडियो एक्स रे गर्ने विशेषज्ञ चिकित्सकलाई सेवा करार गरी प्रति विरामी भिडियो एक्स-रे बापत हुन आउने रकमको ६० प्रतिशत रकम संस्थालाई र बाँकी ४० प्रतिशत सेवाप्रदायक चिकित्सक लाई प्रदान गरि सेवा नियमित संचालन गर्न सकिनेछ ।

२२. २४ सै घण्टा सेवा दिन यस अस्पतालमा कार्यरत चिकित्सक तथा अन्य स्थायी कर्मचारीहरुका लागि आवसको व्यवस्था नभएको हुदा अनुसूची-३ मा उल्लेख भए बमोजिम आवस सुविधा दिन सकिने छ । यदि यसै अस्पतालमा श्रीमान श्रीमति कार्यरत रहेमा एक जनाले मात्र सो सुविधा पाउने छ । साथै दमक न.पा.भित्र स्थायी बसोवास भएका कर्मचारीहरुको हकमा सो सुविधा उपभोग गर्न पाउने छैनन् ।

२३. यस अस्पतालको व्यवस्थापन समिति तर्फका कर्मचारीहरुको खाईपाइ आएको तलब स्केलको दश प्रतिशत रकम कट्टा गरी व्यवस्थापन समितिको कोषबाट दश प्रतिशत थप गरी सञ्चय कोष संचित गर्न सकिनेछ ।

२४. अस्पतालबाट प्रदान गरिने सेवाहरुको सेवा शुल्क बिमातर्फका विमित सेवाग्राहीहरुको हकमा स्वास्थ्य बिमा बोर्डले तोके बमोजिमको हुनेछ अन्य सेवाग्राहीहरुको हकमा अस्पताल व्यवस्थापन समितिले निधारण गरी दमक नगर कार्यपालिकावाट स्वीकृत गराई लागू गर्न सकिनेछ ।

२५. यो कार्यविधि लागू हुनु अघि यस दमक अस्पताल व्यवस्थापन समितिवाट गरिएका निणर्य गरी कर्मचारीहरुलाई प्रदान गरिएका थप सेवा सुविधाहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । यो कार्यबिधिको आवश्यक संशोधन तथा खारेजी गर्ने अधिकार दमक नगर कार्यपालिकामा निहित रहनेछ ।

# अनुसूची-१

## दफा ११ सँग सम्बन्धित

**अस्पताल व्यवस्थापन समिति तर्फका करार कर्मचारीहरुको हालको खाइपाई आएको तलव स्केल :**

| सि. नं. | तह | तलब स्केल | कैफियत |
|---|---|---|---|
| १ | अधिकृत नवौं (विशेषज्ञ चिकित्सक) | ८७,१६०/- | सतप्रतिशत थप गरिएको |
| २ | अधिकृत आठौं | ४०,३८०/- | |
| ३ | अधिकृत सातौं | ३२,०९०/- | |
| ४ | पाचौं | २३,५००/- | |
| ५ | चौथो | २२,१७०/- | |
| ६ | श्रेणी विहिन | १६,२३०/- | |
| ७ | सवीपर (पोष्टमार्टम) | १५,०००/- | |
| ८ | स्वीपर | १३,५००/- | |
| ९ | पोशाक भक्ता | १०,०००/- | ६ महिनाभन्दा बढी काम गरेमा मात्र पाउने |
| १० | चाडपर्व खर्च | एक महिनाको तलव स्केल | ६ महिनाभन्दा बढी काम गरेमा मात्र पाउने |

## अनुसुची-२

## दफा १९ सँग सम्बन्धित

| सि. नं. | प्रोसुड्यर | सेवा प्रदायक लाई दिइने प्रतिशत | | | | |
|---|---|---|---|---|---|---|
| | | चिकित्सक | एनेस्थेसिया | स्वास्थ्यकर्मी | का.स. तथा सफाइकर्मी | अफिस |
| १ | सामान्य शल्यक्रिया | ३५ | ० | ७/५ | ५ | २/५ |
| २ | जटिल सल्यक्रिया | ३० | १२/५ | ६ | ०/५ | १ |
| ३ | आईसियु बेड भर्ना | ५ | ८ | ५ | १ | १ |
| ४ | एच डि यु भर्ना | ५ | ५ | ५ | ३ | २ |
| ५ | इको | ३० | ० | ७ | १ | २ |
| ६ | इन्डोसकोपी | ३० | ० | ७ | १ | २ |
| ७ | इसिजी | प्रति सेवाग्राही १०% दरले हुन आउने रकम | | | | |

| सि. नं. | अन्य | रकम | कैफियत |
|---|---|---|---|
| ८ | नाइट खाजा वापत प्रति रात | २००/- | रात्रीकालिन डियुटी वापत |
| ९ | पोष्टमार्टम | ५००/- | प्रति केस |
| १० | पोष्टमार्टम सहयोगी | २००/- | प्रति केस |
| ११ | सार्वजनिक विदामा पोष्टमार्टम | १,०००/- | प्रति केस |

| | | | |
|---|---|---|---|
| १२ | लास फ्रिजमा व्यवस्थापन | २५०/- | प्रति लास |
| १३ | निरोगिता तथा घाउ जाँच | ३००/- | प्रति केस |
| १४ | विशेषज्ञ डाक्टर अन कल | १,२००/- | रात्रीकालिन समय, सार्वजनिक विदा, अतिरिक्त समयमा प्रति दिन कल वापत |
| १५ | चौविस घण्टे अन डियुटी चिकित्सक | १,०००/- | प्रति डियुटी |
| १६ | विभागीय भत्ता ( शाखा प्रमख) | ३,०००/- | मासिक |
| १७ | नि.मे.सु. | तलव स्केलको सतप्रतिशत मासिक | |

# अनुसूची-३

## दफा २२ सँग सम्बन्धित

| सि. नं. | आवास किसिम | घर भाडा वापत रकम मासिक | कैफियत |
|---|---|---|---|
| १ | मे.सु. आवास | सुविधायुक्त एक फ्ल्याट | घरधनीसँग सम्झौता गरी घरधनीलाई भुक्तानी दिइनेछ |
| २ | घरभाडा (विशेषज्ञ चिकित्सक) | रु. १०,०००/- सम्मको फ्ल्याट | |
| ३ | घरभाडा (मेडिकल अधिकृत) | रु. ५,०००/- सम्मको कोठा | |
| ४ | घरभाडा (स्थायी कर्मचारी) | २,५००/- | सम्बन्धित कर्मचारीलाई भुक्तानी दिइनेछ |

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**